# ब्रह्मपुरी गाउँपालिका

## करार शिक्षक नियुक्ति प्रक्रियाको कार्यबिधि

२०७५ 2066

## ब्रह्मपुरी गाउँपालिकाको कार्यालय

## ब्रह्मपुरी, सर्लाही

ब्रह्मपुरी गाउँपालिका

# ब्रह्मपुरी राजपत्र

खण्ड: ३ संख्या : २ मिति : २०७७/११/११

भाग–२

ब्रह्मपुरी गाउँपालिका

## करार शिक्षक नियुक्ति प्रक्रियाको कार्यविधि, २०७७

प्रस्तावना :

नेपालको संविधान, २०७२ को धारा २२६ तथा स्थानिय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नेपालको संविधान २०७२ को अनुसुची ८(९) तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) (ज) अनुसार आधारभुत र माध्यमिक शिक्षा व्यवस्थापन गर्न वान्छनीय भएकाले ब्रह्मपुरी गाउँकार्यपालिकाबाट स्वीकृत गरी करार शिक्षक नियुक्ति प्रक्रियाको कार्यविधि, २०७७ यो आधारभुत र माध्यमिक शिक्षा व्यवस्थापन कार्यविधि २०७७ जारी गरिएको छ।

# ब्रह्मपुरी गाउँपालिका

## करार शिक्षक नियुक्ती प्रकिया को कार्यविधि २०७७ ब्रह्मपुरी गाउँपालिका

प्रस्तावना :

नेपालको संविधान २०७२ को धारा २२६ तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि नेपालको संविधान २०७२ को अनुसुचि ८(९) तथा स्थानिय सरकार सचालन ऐन २०७४ को दफा ११(२) (ज) अनुसार बाञ्छनीय भएकाले ब्रह्मपुरी गाउ कार्यपालिका बाट संविकृत गरी यो करार शिक्षक नियुक्ती प्रक्रियाको कार्यविधि २०७७ जारी गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

संक्षिप्त नाम र परिभाषा

(१) संक्षिप्त नाम र प्रारम्भ (१) यस कार्यविधिको नाम करार शिक्षक नियुक्ती प्रक्रियाको कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्र भर लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) ऐन भन्नाले स्थानिय शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले ब्रह्मपुरी गाउँपालिकाको कार्यपाकिा लाई सम्झनु पर्छ ।

(ग) गाउँपालिका भन्नाले ब्रह्मपुरी गाउपालिका सम्झनु पर्छ ।

(घ) "धार्मिक विद्दालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम,मदरसा,जस्ता धारमिक विधालयहरुलाई जनाउँदछ ।

(ङ) "निरीक्षक" भन्नाले विधालय निरीक्षक वा शिक्षा शाखा प्रमुख सम्झनु पर्छ ।

(च) "परिवार" भन्नाले शिक्षक वा कर्मचारि संग एकासगोलमा बस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति,पत्नी,छोरा,अविवाहित छोरी,धर्मपुत्र,अविवाहिता धर्मपुत्री,बाबु,आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे,बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासु,ससुरालाई समेत जनाउँछ ।

(छ) "परिक्षा समिति" भन्नाले स्थानिय शिक्षा ऐन २०७७ को दफा २८ अनुसार गठन भएको शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख" भन्नाले गाउँपालिकाको प्रमुख सम्झनु पर्छ ।
(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।
(ञ) "प्रारम्भिक" बाल शिक्षा कक्षा/केन्द्र" भन्नाले चार वर्ष उमेर पुरा भई पाँच वर्ष उमेर पुरा नगरेका बालबालिका लागि नियम ३१ बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा कक्षा, नर्सरी, केजी, मन्टेशरी आदि सम्झनु पर्छ ।
(ट) "व्यवस्थापन समिति" भन्नाले स्थानिय शिक्षा ऐन २०७७ को दफा १९ बमोजिम गठन हुने विधालय व्यवस्थापन समिति सम्झनु पर्छ ।
(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।
(ड) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको अधिकृत/विधालय निरिक्षक/श्रोत व्यक्ति सम्झनु पर्छ ।
(ढ) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा ईकाईलाई सम्झनु पर्छ ।
(ण) "शिक्षा समिति" भन्नाले स्थानिय शिक्षा ऐन २०७७ को दफा १६ अनुसार गठन भएको शिक्षा समिति सम्झनु पर्छ ।
(त) "शुल्क" भन्नाले विधालयले नियम बमोजिम विद्यार्थिसंग लिन पाउने शुल्क सम्झनु पर्छ ।
(थ) "शैक्षिक गुठी" भन्नाले विधालय सञ्चालन गर्नका लागी कुनै व्यक्तिले नाफा नलिने उदेश्यले स्थापना गरेको सार्वजानिक वा निजि गुठी सम्झनु पर्छ ।
(द) "शैक्षिक सत्र" भन्नाले विधालयमा अध्ययन अध्यापन गराइने बार्षिक अवधि सम्झनु पर्छ ।
(ध) "सामुदायिक विधालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरि सामुदायको पहलमा स्थापन भई अनुमति वा स्वीकृती प्राप्त विधालय सम्झनु पर्छ ।
(न) "संघिय शिक्षा ऐन" भन्नाले संघिय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।
(प) "संस्थागत विधालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृती प्राप्त विधालय सम्झनु पर्छ ।

३ कार्यविधि लागुहुने क्षेत्र र सेवा १ स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ को उपदफा ७ तथा स्थानिय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्थाको दफा १५ (४) बमोजिम शिक्षक कर्मचारी करारमा राख्ने प्रयोजनको लागी यो कार्यविधि स्वीकृती गरी लागु गरीएको छ।
२. कार्यलयले देहायको सेवासंग सम्बन्धित शिक्षक कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकि करारमा राख्न सक्ने छ ।
(क) अधारभूत तथा माध्यमिक तह
(ख)साधारण तथा राहत
(ग) विद्यालय कर्मचारी
(घ) बालविकास सहयोगी कार्यकर्ता
(४) छनौट सम्बन्धि व्यवस्था दफा (३) बमोजिमका शिक्षक कर्मचारीहरुकार्यलयले करारमा राख्ने प्रयोजनको लागी सूचिकरण तथा छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।
(१) शिक्षक कर्मचारीको अनुसुचि (१) बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता पारिश्रमिक सेवा शर्त समेत तोकि सम्बन्धित कार्यालयको सुचना पाटीवेभसाइट, तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसुचि २ बमोजिमको ढाचामा कम्तीमा १५(पन्ध्र) दिनको सूचना प्रकासन गनुपर्ने छ ।
(२) आवेदन फारमको नमुना शिक्षक सेवा आयोगको नमुना अनुसार हुने छ । आवेदन दस्तुर विद्यालयले तोके बमोजिम हुने छ ।
(३) दफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायका आधारमा : –
क) लिखित परिक्षा १०० अङ्क
ख) अन्तरवार्ता २५ अङ्क
ग) प्रयोगात्मक २५ अङ्क (आवश्यकता अनुसार )
घ) स्थानिय शिक्षा ऐन २०७७ को दफा २८(१) अनुसार को परीक्षा समितिले परीक्षा संचालन गर्नेछ ।
५ अन्तरवार्ता र सूचिकरण समिति : –
मागपद संख्याका आधारमा कार्यविधिको दफा ५ को क) अनुसार माग पद संख्याको आधारमा उम्मेदवारको नमावली प्रकाशन हुनेछ ।

# करार शिक्षक नियुक्ति प्रक्रिया को कार्यविधि

१. प्रतियोगिताको लागि विज्ञापन गर्नु पर्ने :
विद्यालयले रित्त साधारण दरबन्दी र राहत दरबन्दीमा शिक्षक पदपुर्ति गर्न आवश्यक विवरण खुलाई स्थानीयस्तरको पत्रपत्रिकाको माध्यम बाट विज्ञापन गराउनु पर्नेछ। यसरी विज्ञापन गर्दा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको हकमा जिल्लागत विज्ञापन गर्नु पर्ने छ
२. प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारहरुले विद्यालयबाट निर्धारित दरखास्त फारम भरि विद्यालयले तोके बमोजिमको प्रीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधि भित्र दरखास्त फारम बुझाउने छ ।
३.शिक्षा बिकास तथा समन्वय इकाइ मलंगवा सर्लाहीले छनौट गरेको विषय विशेषज्ञहरु मध्ये गा.पा.ले तोकेको बिज्ञहरुबाट परीक्षा संचालन हुनेछ।
४. स्वीकृत नामावलीको सुची टाँस गर्नु पर्ने :
विद्यालयलले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारहरुको नामावलीको सूची तयार गरी सुचना पाटीमा टाँस गर्नु पर्ने छ।
५. परीक्षा हुने मिति, समय र केन्द्र :
यस कार्यविधि बमोजिम लिने परिक्षाको स्थान गा.पा.कार्यालयमा हुनेछ ।
६. परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क :
विद्यालयबाट लिइने प्रतियोगात्मक परीक्षाको पूर्णाङ्क देहाय बमोजिम हुने छ।
क) लिखित परीक्षाको १०० अङ्क
ख) प्रयोगात्मक परीक्षाको २५ अङ्क
ग) अन्तर्वार्ताको २५ अङ्क
दफा ५ को क ख ग बमोजिम लिइने लिखित परीक्षा र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क क्रमश : पैतिस र दश अङ्क हुनेछ।
७. प्रयोगात्मक परीक्षा : विषयको प्रकृति हेरी आवश्यक ठानेमा विद्यालयले प्रयोगात्मक परीक्षा लिन सकिने छ।
८. सफल उम्मेदवारको सूची प्रकाशन गरिने : लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेत बाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुमध्येबाट देहायको अनुपातमा उर्तीण उम्मेदवारहरु थप गरी अर्न्तवार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ :

| रिक्त पद संख्या | थप हुने संख्या |
|---|---|
| १ देखि ५ | २ |
| ६ देखि १० | ३ |
| ११ देखि १५ | ४ |
| १६ देखि २० | ५ |
| २१ देखि २५ | ६ |
| २६ देखि ३० | ७ |
| ३१ देखि ३५ | ८ |
| ३५ देखि ४० | ९ |
| ४१ र सो भन्दा माथि २० प्रतिशत | |

तर अन्तिम क्रमसंख्या एक जना भन्दा बढी उम्मेदवारले बराबर अङ्क प्राप्त गरेमा त्यस्तो सबै उम्मेदवारको नाम प्रकाशन गरिनेछ ।

९. नियम ५ बमोजिम उतिर्णाङ्क प्राप्त गर्ने उम्मेदवार आवश्वयक संख्यामा नभएमा जति जनाले उतिर्णाङ्क प्राप्त गरेका छन त्यति उम्मेदवारको नाम प्रकाशन गरिनेछ ।

१०. विद्यालयले लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा समानस्तरका विभिन्न पदका लागि एउटै समयमा भएको भिन्दा भिन्दै शिक्षक पदको नतिजा प्रकाशित नामावलीमा परेकोमध्ये जतिजना उम्मेदवारको नाम अर्को पदको नतिजा प्रकाशनमा परेको छ त्यतिकै संख्यामा थप उम्मेदवारको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

१०.१ शैक्षिक योग्यता बापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए तीन द्वितीय श्रेणीको भए दुई र तृतीय श्रेणीको भए एक अङ्कको दरले बढीमा तीन अङ्क

१०.२ अर्न्तवार्ता बापत बढी १० अङ्क

तर अर्न्तवार्ताको अङ्क दिदा कुनै उम्मेदवार लाई ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनु पर्ने भएमा त्यस्तो नम्बर दिनु पर्ने स्पष्ट कारण खुलाउनु पर्ने छ ।

११.

१ योग्यताक्रम प्रकाशित गर्ने :

विद्यालयले लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारले अर्न्तवार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम नियूक्तिको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा उपल्वध भएसम्म रिक्त पदमा संख्याको दश प्रतिशतले हुने संख्यामा उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ ।

२. एक भन्दा बढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि मात्र सिफारिस गरिने छ ।

३ विद्यालयले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरु मध्येबाट करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि सिफारिस गरिएको पद संख्याको आधारमा प्राथमिक तहमा पचास प्रतिशत र निम्न माध्यमिक तथा माध्यमिक तहमा शत प्रतिशतले हुने संख्यामा छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ ।

४ उपनियम ३ बमोजिम सूची प्रकाशन गर्दा खुला प्रतियोगिता तर्फका वैकल्पिक उम्मेदवारलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

५ उपनियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही तहमा पुनः विज्ञापन भई उम्मेदवार सिफारिस भएमा अघिल्लो वैकल्पिक उम्मेदवारको सुची स्वतः रद्द हुनेछ ।

१२ वैकल्पिक उम्मेदवारलाई नियुक्त गर्न सक्ने :

१ विद्यालयका प्र.अ.ले देहायका अवस्थामा वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई योग्यता क्रमानुसार नियुक्ति गर्न सक्नेछ ।

क) सिफारिस गरिएको उम्मेदवारले सम्बन्धीत विद्यालयलवाट नियुक्तिको लागि सार्वजनिक सुचना प्रकाशित गरेको मितिले तीस दिनभित्र नियुक्ति नलिएमा ।

ख) सिफारिस गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजिनामा दिई वा माथिल्लो तहको पदमा नियुक्ति लिएको कारण परिक्षणकाल भित्रै पद रिक्त हुन आएमा,

ग) नियुक्ति पत्र लिएको मितिले ३० दिन भित्र पदस्थापना गरिएको विद्यालयमा हाजिर नभएमा ।

२ उपनियम १ बमोजिम बैकल्पिक उम्मेदवारलाई नियुक्ति गरेकोमा विद्यालयले त्यसको जानकारी तुरुन्त गा.पा. शिक्षा शाखामा दिनुपर्ने छ ।

३ उपनियम १मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयले सिफारिस गरेको १ वर्ष नाघे पछि कुनै पनि वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिने छैन ।

१२ दरखास्त रद्द वा सिफारिस बदर हुन सक्ने :

१ कुनै उम्मेदवारले झुटा विवरण दिएको प्रमाणित भएमा वा परीक्षाको मार्यादा भङ्ग गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा विद्यालयले त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सकिने छ ।

२ विद्यालयबाट नियुक्तिको लागि सिफारिस भएको कुनै उम्मेदवारले नियुक्तिलिन नपाउदै निज सिफारिस हुन नसक्ने कुनै प्रमाणित कारण उपलब्ध भएमा विद्यालयले त्यस्तो उम्मेदवारको सिफारिस बदर गर्न सकिने छ

३ कुनै उम्मेदवारले झुटो विवरण दिएकोल कुरा त्यस्तो उम्मेदवार सिफारिस गरिएको पदमा नियुक्ति भई सकेपछि थाहा हुन आएमा विद्यालयले निज उपर विभागिय कार्वाहीको लागि सम्बन्धित अधिकारी समक्ष लेखि पठाउनु पर्नेछ ।

नोट : विद्यालयले साधारण दरबन्दी र राहत दरबन्दीमा नियुक्त भएको शिक्षकको नियुक्ति करारको हुने छ र निजहरुको ६/६ महिनामा वि.व्य.स. को सिफारिसमा निजहरुको म्याद थप गरिने छ । साथै शिक्षक सेवा आयोगले जारी गरेको कुनै निति निर्देशन स्थायीको लागि जारी गरेमा मान्य हुने छ ।

३ कार्यविधि लागुहुने क्षेत्र र सेवा १ स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८३ को उपदफा ७ तथा स्थानिय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्थाको दफा १५ (४) बमोजिम शिक्षक कर्मचारी करारमा राख्ने प्रयोजनको लागी यो कार्यविधि स्वीकृती गरी लागु गरीएको छ।

२. कार्यलयले देहायको सेवासंग सम्बन्धित शिक्षक कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकि करारमा राख्न सक्ने छ ।

(क) अधारभूत तथा माध्यमिक तह

(ख)साधारण तथा राहत

(ग) विद्यालय कर्मचारी

(घ) वालविकास सहयोगी कार्यकर्ता

(४) छनौट सम्बन्धि व्यवस्था दफा (३) बमोजिमका शिक्षक कर्मचारीहरुकार्यलयले करारमा राख्ने प्रयोजनको लागी सुचिकरण तथा छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) शिक्षक कर्मचारीको अनुसुचि (१) बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता पारिश्रमिक सेवा शर्त समेत तोकि सम्बन्धित कार्यालयको सुचना पाटीवेभसाइट, तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसुचि २ बमोजिमको ढाचामा कम्तीमा १५(पन्ध्र) दिनको सूचना प्रकासन गनुपर्ने छ ।

(२) आवेदन फारमको नमुना शिक्षक सेवा आयोगको नमुना अनुसार हुने छ । आवेदन दस्तुर विद्यालयले तोके बमोजिम हुने छ ।

(३) दफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायका आधारमा : –

क) लिखित परिक्षा १०० अङ्क
ख) अन्तरवार्ता २५ अङ्क
ग) प्रयोगात्मक २५ अङ्क (आवश्यकता अनुसार)
घ) स्थानिय शिक्षा ऐन २०७७ को दफा २८(१) अनुसार को परीक्षा समितिले परीक्षा संचालन गर्नेछ ।
१ अन्तरवार्ता र सूचिकरण समिति : –
मागपद संख्याका आधारमा कार्याविधिको दफा ५ को क) अनुसार माग पद संख्याको आधारमा उम्मेदवारको नमावली प्रकाशन हुनेछ ।

## पाठ्क्रम

विद्यालयले करारमा शिक्षक नियुक्ति गर्दा शिक्षक सेवा आयोगले जारी गरेको वर्तमान पाठ्क्रम मान्य हुने छ ।

आज़ाले
शिवनारायण कापर